# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. २६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### सर्वोच्च अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : सर्वोच्च अदालतको सम्बन्धमा केही कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सर्वोच्च अदालत ऐन, २०४८" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ।

(ख) "प्रधान न्यायाधीश" भन्नाले नेपालको प्रधान न्यायाधीश सम्झनु पर्छ र सो शब्दले कायम मुकायम प्रधान न्यायाधीश समेतलाई जनाउँछ।

(ग) "न्यायाधीश" भन्नाले सर्वोच्च अदालतको न्यायाधीश सम्झनु पर्छ र सो शब्दले प्रधान न्यायाधीश र अस्थायी न्यायाधीश समेतलाई जनाउँछ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. सर्वोच्च अदालत रहने स्थानः सर्वोच्च अदालत काठमाडौंमा रहनेछ।

तर श्री ५ बाट स्वीकृति प्राप्त गरी प्रधान न्यायाधीशले तोकेको स्थानमा पनि सर्वोच्च अदालतले इजलास कायम गरी आफ्नो अधिकार क्षेत्रको प्रयोग गर्न वा अन्य काम कारवाई गर्न सक्नेछ।

४. सर्वोच्च अदालतको अधिकार क्षेत्रको प्रयोग : (१) सर्वोच्च अदालतबाट मुद्दा मामिलाको सुनवाई र किनारा गर्ने अधिकारको प्रयोग तोकिए बमोजिम एक जना न्यायाधीशको इजलासबाट वा एक भन्दा बढी न्यायाधीशहरूको संयुक्त, पूर्ण वा विशेष इजलासबाट हुनेछ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक सर्वोच्च अदालतलाई भएको अन्य अधिकारको प्रयोग तोकिए बमोजिम सर्वोच्च अदालतका न्यायाधीशहरूको पूर्ण बैठक, समिति वा सर्वोच्च अदालतको रजिष्ट्रारबाट हुनेछ।

५. तारेख सम्बन्धी विशेष व्यवस्थाः सर्वोच्च अदालतले शुरू कारबाई गरेको मुद्दामा बाहेक अन्य मुद्दामा सम्बन्धित पक्षले चाहेमा तारेखमा नबसी मुद्दाको पुर्पक्ष गर्न सक्नेछ। पक्षले कानून व्यवसायी राखेको भए निजलाई नै अदालतले पक्षको प्रतिनिधि मानी मुद्दाको पुर्पक्ष गरी दिन सक्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर पक्षले पुनः तारेखमा बस्न वा वारेस राख्न र अदालतले आवश्यक देखेमा पक्षलाई उपस्थित गराउन र तारेखमा राख्न सक्नेछ।

६. श्री ५ मा राय चढाउने सम्बन्धी कार्यविधि : संविधानको धारा ८८ को उपधारा (५) बमोजिम श्री ५ बाट संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल कानूनी प्रश्नमा सर्वोच्च अदालतको राय मागीबक्सेमा सर्वोच्च अदालतले त्यस सम्बन्धमा आफ्नो रायसहितको प्रतिवेदन श्री ५ मा चढाउनु अघि आवश्यकतानुसार महान्यायाधिवक्ता र अन्य कानून व्यवसायीहरूबाट सो प्रश्नमा बहस र छलफल गराउन सक्नेछ।

७. सर्वोच्च अदालत र मातहतका अदालतको अवहेलना: (१) सर्वोच्च अदालतले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलनामा कारवाई चलाएको मुद्दामा कसूरदार ठहराएको व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँ सम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्त वा कसूरदारले सर्वोच्च अदालतलाई सन्तोष हुने गरी क्षमा याचना गरेमा अदालतले निजलाई क्षमा दिन वा सजाय तोकी सकेको भए सजाय माफ गर्न, घटाउन वा अदालतले तोकेको शर्तमा सजाय मुलतवी राखी त्यस्तो शर्तको पालन भएमा सजाय कार्यान्वित नगर्ने आदेश दिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. शपथ : प्रधान न्यायाधीशको पदमा नियुक्त व्यक्तिले श्री ५ समक्ष र न्यायाधीशको पदमा नियुक्त व्यक्तिले प्रधान न्यायाधीश समक्ष अनुसूचीमा तोकिए बमोजिम शपथ लिनु पर्नेछ।

९. रजिष्ट्रार : (१) प्रधान न्यायाधीशको सामान्य निर्देशन र नियन्त्रणमा रही रजिष्ट्रारले सर्वोच्च अदालतको प्रशासकीय प्रमुखको काम गर्नेछ।

(२) रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) रजिष्ट्रारले आफूलाई भएको अधिकार मातहतका अधिकृत कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

१०. बार्षिक प्रतिवेदन : सर्वोच्च अदालतले आफ्नो र आफ्ना मातहतका अदालतको काम कारवाईको सम्बन्धमा बार्षिक प्रतिवेदन प्रकाशित गर्नु पर्नेछ।

११. नियम बनाउने अधिकार : (१) सर्वोच्च अदालतले आफ्नो अधिकार क्षेत्रको प्रयोग तथा कार्यविधि व्यवस्थित गर्न आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी खास गरी देहायका विषयहरूमा नियम बनाउन सकिनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सर्वोच्च अदालतको अधिकारक्षेत्रको प्रयोग एक जना न्यायाधीशको इजलासबाट वा एक भन्दा बढी न्यायाधीशको संयुक्त, पूर्ण वा विशेष इजलासबाट गर्ने विषय।

(ख) सर्वोच्च अदालतमा पुनरावेदन, साधक, पुनरावलोकन र मुद्दा दोहऱ्याउनको लागि दिइने निवेदनहरू सम्बन्धी विषय।

(ग) संविधानको धारा ८८ को उपधारा (१) र (२) अन्तर्गत पर्ने निवेदनपत्रहरू सम्बन्धी विषय।

(घ) फौजदारी मुद्दामा तल्लो अदालतबाट कसूरदार ठहरी भएको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन दिने व्यक्तिलाई थुना वा कैदमा राख्ने वा धरौटी वा जमानतमा छाड्ने विषय।

(ङ) अदालतको अवहेलना सम्बन्धी कार्यविधि।

(च) अदालतको काम कारवाई सम्बन्धी अन्य विषय।

१२. <u>खारेजी</u> : सर्वोच्च अदालत ऐन, २०१९ खारेज गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

639

७

## अनुसूची

(दफा ८ संग सम्बन्धित)

म . . . . . . . . . . ईश्वरको नाममा शपथ लिन्छु
सत्य निष्ठापूर्वक प्रतीज्ञा गर्छु / कि

श्री ५ महाराजाधिराजबाट मलाई आज सुम्पीबक्सेको सर्वोच्च अदालतको प्रधान न्यायाधीश/न्यायाधीश पदको कामकाज नेपाल अधिराज्यको संविधान, २०४७ प्रति पूर्ण वफादार रही मुलुकको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, स्नेह वा खराब भावना नलिई इमान्दारीसाथ गर्नेछु।

मितिः-                                                                 हस्ताक्षर

लालमोहर सदर मितिः- २०४८।७।२८।५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचि[व]



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C32